# निर्णयहरू

निर्णय नं. १ मेलम्ची नगरपालिकाको सडक मर्मत संभार शुल्क मार्फत आन्तरिक आय संकलनको लागि मिति २०७५।४।२ मा विभिन्न बोलपत्रदाताहरूबाट बोलपत्र साथ पेश भएका बैंक जमानत लगायत अन्य आवश्यक कागजातहरूको पूर्णताको परीक्षण तालिका बनाई अध्ययन गर्दा आय ठेक्का नं. MMSI/2075-76/02 (सडक मर्मत संभार शुल्क संकलन) तर्फ बोलपत्र पेश गर्ने बोलपत्रदाताहरू मध्ये मेलम्ची नगरपालिका वडा नं. ७ स्थित आकाश निर्माण सेवाले अन्य बोलपत्रदाता भन्दा उच्चतम अङ्क रू. ३,२६,५०,०००।- (अक्षरूपी तीन करोड छब्बिस लाख पचास हजार रूपैयाँ मात्र) कबोल गरी पेश गरेकोमा सो बोलपत्रदाताको बोलपत्र सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा मूल्याङ्कन समितिबाट उल्लेखित ठेक्का स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा उक्त ठेक्का मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन ( ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ४(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो । साथै दफा ५ बमोजिम सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २ यस मेलम्ची नगरपालिकाको सवारी प्रवेश शुल्क मार्फत आन्तरिक आय संकलनको लागि मिति २०७५।४।२ मा विभिन्न बोलपत्रदाताहरूबाट बोलपत्र साथ पेश भएका बैंक जमानत लगायत अन्य आवश्यक कागजातहरूको पूर्णताको परीक्षण तालिका बनाई अध्ययन गर्दा आय ठेक्का नं. MMSI/2075-76/03 ( सवारी प्रवेश शुल्क संकलन) तर्फ बोलपत्र पेश गर्ने बोलपत्रदाताहरू मध्ये मेलम्ची नगरपालिका वडा नं. १३ (साविक फटकशिला गाविस वडा नं. ८) स्थित स्वराज कन्स्ट्रक्सनले अन्य बोलपत्र भन्दा उच्चतम अङ्क रू. ७६,००,०००।- (अक्षरूपी छयहत्तर लाख रूपैयाँ मात्र) कबोल गरी पेश गरेकोमा सो बोलपत्रदाताको बोलपत्र सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा मूल्याङ्कन समितिबाट उल्लेखित ठेक्का स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा उक्त ठेक्का मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन ( ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ४(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो । साथै दफा ५ बमोजिम सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.३ः मेलम्ची नगरपालिकाको सार्वजानिक लिखत प्रमाणिकरण र प्रकाशन (कार्यविधि) ऐन, २०७५ को दफा ७(३) मा स्थानीय राजपत्र मुद्रण गर्ने निकाय नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था भए बमोजिम मेलम्ची नगरपालिकाबाट प्रमाणिकरण भएका ऐन, नियम, कार्यविधि, निर्देशिका र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको राजपत्रमा प्रकाशन गर्नुपर्ने अन्य लिखतहरू समेत प्रकाशन गर्नको लागि मेलम्ची नगरपालिका वडा नं ११ स्थित लालीगुंरास अफसेट प्रेश प्रालिलाई दिने निर्णय गरियो ।

निर्णय नं. ४ः नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्ने उदेश्यले नियम विपरित मेलम्ची नगरपालिका भित्रका नदिहरूमा मेशिनरी औजार प्रयोग गरेमा तपशिल बमोजिम जरिवाना गर्ने निर्णय गरियो ।

तपशिलः

स्काभेटर प्रयोग भएमा रू. ७५०००।-

जे.सि.भी.(ब्याक हो लोडर) प्रयोग भएमा रू. ५०,०००।-

ट्रिपर प्रयोग भएमा रू. २०,०००।-

आईसर प्रयोग भएमा रू. १००००।-

अन्य साना सवारी साधन रू. ५०००।-

निर्णय नं. ५ः मेलम्ची नगरसभाबाट आ.व. ०७५/७६ को लागि पारित भएको आर्थिक ऐनको अन्य सिफारिस शुल्कमा रू. ५००।- लिने निर्णय भएकोमा उक्त शुल्क बढी भएको भनी व्यापक जनगुनासो आएकोले उक्त शुल्कलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी रू. २००।- कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ः मेलम्ची नगरपालिका भित्र नगरपालिका घोषणा हुनु पुर्व तथा पछि नगरपालिकामा गाभिन आएका तात्कालिन गा.वि.स.हरू समेतमा निर्माण सम्पन्न भएका स्थायी भवनहरूको अभिलेखिकरण गर्नुपर्ने भएको हुंदा उपरोक्त भवनहरूलाई २०७५ साल पौष मसान्त भित्र अभिलेखिकरण गरिसक्न सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. ७ः मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन गर्न ५ स्थानमा खटिएका कर्मचारीहरूलाई खटिएको मिति देखि प्रति व्यक्ति दैनिक रू. १५००।- (एक हजार पांच सय मात्र) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ः मेलम्ची नगरपालिकाको वडाहरूमा कार्यालय सहयोगीको अभाव भएको महशुस भएकोले कार्यालय सहयोगी नभएको वडाहरूमा सम्बन्धित वडा समितिको सिफारिस भई आएमा आवश्यक प्रकृया पुरा गरी सेवा करारमा पदपूर्ति गर्ने निर्णय गरियो । साथै मेलम्ची नगरपालिकाको निर्माणधिन ग्रिन सिटी पार्कको रेखरेख एवं संरक्षण कार्यको लागि सेवा करारमा एक जना हेरालु पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं ९ः मेलम्ची नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरूको करार अवधि २०७५ असार मसान्तमा समाप्त भएकोले निज कर्मचारीहरूको करार २०७५ साउन देखी २०७५ असोज मसान्त सम्म तीन महिना अवधिको लागि नवीकरण गर्ने निर्णय गरियो ।